## मिति २०७५।१२।०५ गते ओमसतिया गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु :

**निर्णय नं.१ :-** ओमसतिया गाउँपालिकाको हिउँदे अधिवेशन (विधान सभा) चैत्र २९ गतेको दिन आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :-** होली मिलन कार्यक्रम प्रत्येक वडामा सम्बन्धित वडाका सम्पूर्ण राजनितिक दल, समाजसेवी, बुद्धिजिवी, युवाक्लव, संघसंस्था आदीको उपस्थितीमा संचालन गर्ने निर्णय गरियो । यसका लागि प्रत्येक वडालाई १९५००।- (उन्नीस हजार पाँच सय ) उपलब्ध गराउने निर्णय गरियो । साथै गाउँपालिकाको कार्यालयमा समेत सोही खर्च होली मिलन कार्यक्रम मिति २०७५।१२।०६ मा संचालन गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं. ३ :-** शिक्षा समितिबाट सिफारिस भई आए बमोजिम फ्लोरल ई. स्कुल बसन्तपुरलाई कक्षा ४ , अक्स्फोर्ड ई.स्कुल बसन्तपुरलाई कक्षा ६ थप र मोर्डन चिल्ड्रेन ई.स्कुल लोहरौलीलाई कक्षा४ थप तथा स्थान परिवर्तनका लागि अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ४ :-** ओमसतिया गाउँपालिका भित्र संचालन अनुमति माग गर्न निजी व्यक्ति, संघ संस्था, फर्महरुलाई तपसिल बमोजिम शुल्क लिई दर्ता गर्न तथा नेपाल सरकारले तोकेको मापदण्ड एवं कार्यविधी पूरा गरेको पाईएमा संचालन अनुमति दिने निर्णय गरियो ।

क) अस्पताल - ५०००।-
ख) पोलिक्लिनिक - ४०००।-
ग) डायगोनिस्टक सेन्टर - ३५००।-
घ) हेल्थ केयर -३०००।-

**निर्णय नं. ५ :-** ओमसतिया गाउँपालिका भित्र रहेको डण्डा खोला (वडा नं. ३,४ बधेला (नरैनापूर देखि पकडिहवा सम्म बधेला ( कब्रस्तान) दरखसवा गाउँको दक्षिण रोहिणी सिमाना सम्म वडा नं. ५ मा रहेको ) लाई नियमानुसार ठेक्कामा लगाउने निर्णय गरियो । ठेक्का रकम एकिन गर्न प्रयोग गर्ने प्रयोजनका लागि चन्नर प्रसाद यादव ( का.पा.सदस्य ) ओम प्रकाश चौधरी का पा. सदस्य ) एवं मकबुल धुनिया सदस्य रहेको ३ सदस्यीय समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :-** वडा नं. १ ठुटिपीपल पूरानो सडक देखि पश्चिम तर्फका बासिन्दाहरुले जग्गाको मालपोत र सिफारिस सियारी गा.पा.बाट लिनु पर्ने बाध्यतालाई आवश्यक सहजीकरण र समन्वय मार्फत ओमसतिया गा.पा. बाट नै हुने व्यवस्था गर्न सियारी गाउँपालिकालाई अनुरोध गर्ने निर्णय गरियो । साथै मझौली (साविक छोट्की रामनगर गा.वि.स. वडा नं. ६) का जनताको मालपोत र जग्गा सिफारिस दस्तुर सम्बन्धी कठिनाई समाधान गर्न रोहिणी गाउँपालिकालाई पनि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :-** ओमसतिया गाउँपालिका भित्र रहेको प्रत्येक वडाले बैशाख १५ गते भित्र आ.व. २०७६।०७७ का योजना छनौट गरी अनिवार्य रुपमा गा.पा. भित्र पेश गर्नु पर्ने निर्णय

क) ब्रहमकुमारी ईश्वरीय विश्वविद्यालय नेपाल, क्षेत्रीय प्रशिक्षण केन्द्र भैरहवाको शाखा ब्रहमकुमारी ईश्वरीय विश्व विद्यालय ठुटीपीपललाई शिवहबजारोहण एवं आध्यात्मिक प्रवचन कार्यक्रम संचालन गर्न बिस हजार (२००००।-) रकम उपलब्ध गराउने निर्णय गरियो ।

ख) गाउँपालिकाको प्रशासनिक भवन एवं प्रदेश सरकारबाट विनियोजित योजना ( बुहुउद्धेश्यीय सभा हल) संचालन गर्न ठेक्का प्रतिक्रियाबाट ढिलाई हुने भएकाले गाउँपालिका स्तरीय उपभोक्ता समिति गठन गरी सोही समितिबाट योजना संचालन गर्ने निर्णय गरियो ।